नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: २१३

मिति: २०८२/०९/१७

नेपाल संवत् ११४६

विषयः प्राथमिक स्वास्थ्य उपचारको प्रवन्ध सम्वन्धमा।

श्री गाउँपालिका, (सबै)।

श्री नगरपालिका, (सबै)।

निर्वाचन आयोग, नेपाल, प्रशासन शाखाको प.सं. २०८२/०८३, च.नं. १.१.१/३० क.प्र., मिति २०८२/०९/१६ को प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा मतदान केन्द्रमा मतदानका लागि खटिने कर्मचारी र मतदाताको आपतकालीन स्वास्थ्यलाई मध्येनजर गरी मतदानको दिनलाई लक्षित गरी कम्तिमा तीन दिनको अवधिलाई प्राथमिक स्वास्थ्य उपचारको प्रवन्ध मिलाउने निर्णय सम्वन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

.....................

(प्रकाश पन्थी)

शाखा अधिकृत

<u>बोधार्थ:</u>

श्री निर्वाचन आयोग, नेपाल, प्रशासन शाखा, कान्तिपथ, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईट:- www.mofaga.gov.np

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL
(प्रशासन शाखा)

प.सं. च.नं. १२७१/३० क.प्र./०८२-०८३,  354

मितिः २०८२/०९/१६
ने.सं. ११४६ पोहेलाथ्व, १२ बुधवार

विषयः- प्राथमिक स्वास्थ्य उपचारको प्रवन्ध सम्बन्धमा ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,
रामशाहपथ, काठमाडौं ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन
दर्ता नं.:- 2283
दर्ता मितिः- 2082।9।16

प्रस्तुत विषयमा सम्वत् २०८२ फागुन २१ गते विहिवार सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको सन्दर्भमा आयोगको बैठक संख्या ९८, मिति २०८२/०९/१४ को बैठकबाट देहाय बमोजिमको निर्णय भएको हुँदा आवश्यक कार्यार्थ निर्णयानुसार अनुरोध छ ।

## आयोगको निर्णय

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा मतदान केन्द्रमा मतदानका लागि खटिने कर्मचारी र मतदाताको आपतकालीन स्वास्थ्यलाई मध्येनजर गरी मतदानको दिनलाई लक्षित गरी कम्तिमा तीन दिनको अवधिलाई प्राथमिक स्वास्थ्य उपचारको प्रवन्ध मिलाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहलाई आवश्यक सम्पूर्ण व्यवस्था मिलाउने गरी निर्देशन दिने । साथै नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र सबै प्रदेश सरकारलाई प्राथमिक स्वास्थ्य उपचारको व्यवस्थापनमा समन्वय र सहजीकरणको लागि निर्देशन दिने ।

(नारायण प्रसाद भट्टराई)
सहसचिव


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३। फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np